## कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव र निर्णयहरु

मिति:२०८१ मंसिर २५ गते बैठक संख्या : ११९ औं

**प्रस्तावहरु:**

१. पशु सेवा शाखा, कृषि विकास शाखा र महिला, वालवालिका तथा ज्येष्ठ नागरिक शाखाको त्रैमासिक समिक्षा सम्पन्न सम्वन्धमा ।

२. गौशाला निर्माण तथा सुदृढीकरणका लागी स्थानीय तहको सहकार्य र नगरपालिकाले जग्गा उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. १**

यस गोदावरी नगरपालिकाको चालु आ.व. २०८१/८२ का लागि पशु सेवा शाखा, कृषि विकास शाखा र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गतका विनियोजित वजेट तथा कार्यक्रमहरुको प्रथम त्रैमासिक भित्र सञ्चालित कार्यक्रमहरुको समिक्षा तथा छलफल सम्पन्न गरी बाँकी कार्यक्रमहरुलाई छिटो सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

सुदूरपश्चिम प्रदेश सरकार, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनगढी कैलालीको मिति २०८१/८/१० गते प्रकाशित सूचना अनुसार कैलाली जिल्लाका स्थानीय तहहरुमा सामुदायिक छाडा चौपाया व्यवस्थापनका लागी स्थानीय तहको सहकार्यमा संरचना निर्माण गर्न यस कार्यालयवाट समेत आवेदन पेश भएकोले स्थानीय तहले व्यहोर्नु पर्ने २५% लागत साझेदारीको रकम आ.व. ०८१/८२ को वार्षिक वजेट तथा कार्यक्रम पुस्तिकाको अनुसूची ६ को पुजीगत खर्च तर्फको क्र.सं. ९७ को साझेदारी निर्माण कोषवाट दायित्व व्यहोर्ने निर्णय गरियो । साथै मिति २०८१/८/२२ गते वसेको गोलादेउ सामुदायिक वन उपभोक्ता समूह, गोदावरी न.पा. वडा नं. ६ र ७ को वैठकको निर्णयानुसार तपसिल वमोजिमको चारकिल्ला भित्रको क्षेत्रमा गौशाला निर्माणका लागी स्थान दिने निर्णय भएको हुँदा सो स्थानमा गौशाला निर्माण गर्न स्थान तोकी पठाउने निर्णय गरियो ।

Scanned with
Scanned with CamScanner